# आ.ब.२०६९/०७० मा सम्पन्न जिल्ला बिकास योजनाहरुको सामाजिक परीक्षण प्रतिबेदन २०७०

## पेस गरेको निकाय

## जिल्ला बिकास समिती
## कूस्मा, पर्बत

## प्रस्तूत कर्ता

**Bright Future International Pvt. Ltd.**
*Engineers, Socio-economics, Researchers, and Planners*
bf.international2012@gmail.com
New Baneshor, Kathmandu Nepal
Tell: 01- 4115015
Web Site: www.bfinepal.com

# समाजिक परीक्षक प्रतिवेदन

**(बृहद छलफल पेश गरीने)**

## आर्थिक वर्ष २०७०।०७१को

## स्थानीय निकायको नाम :-जिल्ला बिकास समिति, पवर्त

**राजनैतिक प्रशासनिक विभाजन**

यो जिल्ला नेपालको पश्चिमञ्चल विकास क्षेत्रको धौलागिरी अञ्चलमा अवस्थित रहेको र यसको सदरमुकाम कुश्मामा रहेको छ जुन शिवालय गा. बि. स. मा रहेको छ। जिल्लाका जम्मा जम्मी गाविसको संख्या ५५ छन् र ४९५ वडामा विभाजित गरियको छ। ११ वटा इलाका क्षेत्रमा विभाजित छन् र यस जिल्लामा संसदीय निर्वाचन क्षेत्रको संख्या २ रहेको छ। निर्वाचन क्षेत्र नं १ अन्तरगत २६ गाऊँ बिकास समिती र निर्वाचन क्षेत्र नं २ अन्तरगत २९ गाऊँ बिकास समिती रहेका छन्। ईलाका बिभाजनमा ईलाका नं ६ मा ६ वटा गाऊँ बिकास समिती ईलाका नं ८ मा ४ वटा गाऊँ बिकास समिती र अन्य सबै ईलाकाहरुमा ५, ५ गाऊँ बिकास समिती रहेका छन्। २०६८ को राष्टीय जनगणना अनुसार यस जिल्लामा ३१५२७ घरधूरीमा बसोबास गर्ने ३५७१९परिवार छन् जिल्लाको कुल जनसंख्या १४६५९० रहेको छ। जस मध्ये महिला ८१२८९ र पूरुष ६५३०१ रहेका छन्। यस तथ्याङ्क अनूसार यस जिल्लामा पुरुषको भन्दा महिलाको जनसंख्या बढी देखिन्छ। जसको अनुपात १००:८० (महिला :पुरुष) रहेको छ। बैदेसिक रोजगारमा जाने यस जिल्लामा १९८५० पूरुष र २२९८ महिला गरी जम्मा २२१४८ रहेका छन्। उक्त तथ्याङ्कका आधारमा जन संख्या बृद्दिदर (-) ०.७१ देखिन्छ। मानबिय बिकास कमको दृष्टिले १४ औ स्थानमा पर्ने यस जिल्लामा ब्रामण, क्षेत्री, मगर, कामी, गुरुङ्ग, दमाई, सार्की, कुँवर, नेवार, घर्ति। ठकुरी, सन्यासी, कुमाल, बोटे, माझी, भुजेल, थकाली, र मुस्लिम जातिको बसोबास रहेको छ।

**भौगोलिक अवस्थिती**

यो मध्य पहाडी जिल्ला अवस्थिती छ जसको अक्षांस २८•००'१९" देखि २८•२३'५८" ऊत्तरी अक्षांस देशान्तर ८३•३३'४०" देखि ८३•४९'२९" पूर्बी देसान्तर रहेको छ। यस जिल्लाको उचाई अधिकतम ३३०९ मि. (भूकम्पमा पर्ने हम्पालको लेक) र न्यूनतम ५२० मि.(सेतिवेणी सेतिखोला र काली गण्डकीको संगम) यो जिल्लाको कुल क्षेत्रफल ५३६.८६ कि.मी. रहेको छ। यस जिल्लाका रमणिय लेकाली चुचुराहरुमा उत्तरी भागमा पर्ने हम्पाल र लोप्रेका लेकहरु मध्ये भागमा पञ्चासे, डहरे तथा दक्षिणी भागमा चिसापानी र गोर्ल्याङ्ग पर्बत जिल्लाका अग्ला चुचुरा हुन्।

**भूउपयोग**

भू उपयोगको दृष्टिले कुल क्षेत्रफल ५३६.८६ वर्ग कि.मी (५३,६८६ हे.), कृषि योग्य भूमि २८,५९२ हे.,खेती गरिएको भूमि २४,१७१ हे. वनजंगलले ढाकेको क्षेत्रफल १९,९९७ हे., चरण क्षेत्र २,२८० हे., सिंचित क्षेत्र ९,०७३ हे.र अन्यमा २,८१८ हे. रहेको छ।

**जनसंख्या सम्बन्धि बिबरण**

नेपालको राष्टिय जनगणना २०६८ अनुसार पबर्त जिल्लाको कुल जनसंख्या १,४६,५९० रहेको जसमा पुरुषको जनसंख्या ६५,३०१ र महिलाको जनसंख्या ८१,२८९ रहेको छ भने जम्मा घरधुरी संख्या ३१,५२७ र लैगिंक अनुपात १००:८० (महिला:पुरुष), औसत घरधुरी ६.२ र जनसंख्या वृद्धिदर २.२ रहेको देखिन्छ ।

**कृषि**

पवर्त जिल्लामा कृषि सेवा प्रदान गर्ने कार्यालयहरुमा जिल्ला कृषि विकास कार्यालयको संख्या १ रहेको छ । यसैगरी जिल्लाको विभिन्न ठाउँमा रहेको कृषि सेवा केन्द्रको संख्या ६ रहेको छ ।

कृषि पेशमा आश्रित परिवार : १५,५६६ (५१%),

व्यपार पेशमा आश्रित परिवार : १,६९१ (६%)

नोकरी पेशमा आश्रित परिवार : ६,२४६ (२०%),

वैदेशिक रोजगरमा आश्रित परिवार : ३,७३७ (१२%)

ज्यालादारीमा आश्रित परिवार : ३,२९० (११%),

**स्वास्थ्य**

पवर्त जिल्लाको स्वास्थ्य सेवाको स्थितिलाई केलाउदाँ यहा विभिन्न किसिमका स्वास्थ्य सेवा केन्द्रहरु तथा जनशक्ति संलग्न रहेको देखिन्छ । उक्त सेवा केन्द्रहरुको आकडा हेर्दा जिल्ला जनस्वास्थ्य कार्यालयको संख्या १ (कुश्मा बजार), प्रथामिक स्वास्थ्य केन्द्र २ (ठूलीपोखरी र लुङ्खुदेउराली), स्वास्थ्य चौकी १०, उप स्वास्थ्य चौकी ४२, गाउँघर क्लिनिक ११५, खोप क्लिनिक १६५, आयुर्वेदिक औषधालय ४ र सुविधा सम्पन्न सामुदायिक स्वास्थ्य क्लिनिक १ (खानीगाउँ-२) रहेको छ ।

**पशुसेवा**

पवर्त जिल्लामा विधमान पशुसेवाको अवस्था हेर्दा एक मात्र जिल्ला पशु विकास कार्यालय रहेको र यस कार्यालयको मातहतमा अन्य कार्यालयहरु रहेका छन् । जसमा पशु सेवा केन्द्रको संख्या ४ र पशु सेवा उपकेन्द्रको संख्या ८ रहेको छ ।

**२. स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरु**

**क. लक्ष्य**

सहभागितामुलक कार्य प्रणलीको माध्यमबाट लैगिंक समता तथा सुशासन कायम गरेर दिगो विकास गर्ने ।

**ख.मूख्य उद्देश्य**

- महिला तथा बालबालिकाको अवस्थामा सुधार गर्ने
- स्वास्थ्य स्थितिमा सुधार गर्ने
- शौक्षिक गुणस्तरमा सुधार गर्ने
- कृषि तथा पशु उत्तपादकत्वमा वृद्धि तथा बजार सम्मको पहुँचमा वृद्धि गर्ने
- भौतिक तथा संस्कृतिक पूर्वधारको विकास, विस्तार र सुधार गर्ने

- स्थानीय सरकारी तथा गैर सरकारी संस्थाहरुको कार्य क्षमतामा अभिवृद्धि भई संस्थागत विकास गर्ने
- स्थानीय निकायमा प्रभावकारी सूचना प्रवाह गर्न
- स्वच्छ वातावरण कायम गर्ने

**ग. प्राथमिकताका आधारहरु**

- सन्तुलित विकासलाई मध्य नजर गरी सवै इलाकाबाट वितरण सकभर समानुपातिक रुपमा छनौट गर्ने ।
- सर्व साधारण लाई प्रत्यक्ष फाईदा हुने र आय आर्जन हुने क्षेत्रलाई प्राथमिकता दिने ।
- लक्षित वर्गलाई केन्द्रित हुनेगरी आयमुलक र सीप मुलक कार्यकममा जोड दिने ।
- वढि जनसहभागिता हुने र श्रममुलक योजनालाई प्राथमिकता दिने ।
- मानव संसाधन विकासलाई उच्च प्राथमिकता दिने ।
- राजनितिक दल नागरीक समाज विषय विज्ञबाट प्राप्त सुझाव र सल्लाहहरुलाई पृष्ठपोषणको रुपमा लिने ।
- योजना कार्यन्वयन गर्दा प्राथमिकतामा परेका योजनाहरुलाई विषेश प्राथमिकता दिने ।
- शुद्ध खानेपानी स्वास्थ्य सेवा क्षेत्रमा स्तरीय सेवा पुर्‍याउन विशेष जोड दिने ।
- कृषि उत्पादकत्व वढाउन विशेष पहल गर्ने ।

**घ.मुख्य नीति**

**क. भौतिक पूर्वाधारः**

**१. सडक**

जिल्लास्तरीय सडक ग्राभेल र साना पुलपुलेसा निर्माण कार्यलाई दातृ संस्थासँग समेतको साझेदारीमा तीव्रता दिई बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन प्राथमिकताका साथ कार्यकम संचालन गरिने छ ।

ठूला र धेरै लागत लाग्ने पुल पुलेसा निर्माणका लागि सडक डिभिजन र नेपाल सरकारमार्फत संचालन गर्न आवश्यक पहल गरिने छ ।

गा.वि.स.स्तरका सडकहरू निर्माण गर्ने, सञ्चालन गर्ने र मर्मत सम्भार गर्ने कार्य गा.वि.स.लाई जिम्मेवारी दिइने छ ।

सा(साना मर्मत-सम्भारका लागि पनि जिल्लाकै मुख ताक्ने प्रवृत्तिलाई निरूत्साहित गर्न आफ्नो क्षेत्रभित्रका सडकहरूको सामान्य मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिले नै लिनुपर्ने व्यवस्थाका लागि योजना सम्झौतामा अनिवार्य प्रावधान समावेश गर्ने र स्थानीयस्तरबाट सो प्रावधान पूरा नगरिएको पाइएमा सोका लागि अर्को वर्ष बजेट विनियोजन गर्दा दोस्रो प्राथमिकतामा राख्ने नीतिलाई निरन्तरता दिइने छ ।

सहभागितात्मक योजना प्रक्रियाअन्तर्गत इलाकास्तरीय योजना तर्जुमा समिति हुँदै एकीकृत योजना तर्जुमा समितिबाट समेत निर्णय भैआएका योजना तथा कार्यक्रमहरू जि.वि.स.को साधनस्रोतले संचालन गर्न नसकिने भएकाले थप योजनाको रूपमा राखी स्थानीय स्रोत एंव सम्बन्धित मन्त्रालय तथा दातृ निकायसँग अनुरोध गरी बजेट व्यवस्था गरी कार्यान्यवन गर्दै लगिने छ।

**२. ग्रामीण विद्युतीकरण :**

विद्युत सेवा नपुगेका गाविसहरूमा विद्युत् पुऱ्याउन सामुदायिक विद्युतीकरणलाई प्राथमिकता साथ कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । विद्युत वितरणको केन्द्रिय प्रशारण लाइन नपुगेका ३ वटा गाविस भोक्सीङ, पाखापानी र बाच्छामा micro hydropower र सौर्य उर्जा मार्फत विद्युतीकरण गरिएको छ।

**३. खानेपानी तथा सरसफाई :**

यस वर्ष मात्र नेपालको छैठौं जिल्लाको रुपमा खुल्ला दिसामुक्त क्षेत्र बनाउन सफल भएको छ साथै Post ODF रणनिती कार्य योजना तयार गरेको छ। WASH plan तर्जुमाको क्रममा रहेको छ। शुद्ध खानेपानी ९१ % रहेकोले यस क्षेत्र तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

**ख. सामाजिक विकास :**

**१. शिक्षा :**

ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरूको जीर्ण भवनहरूको मर्मत सम्भार र थप कोठा निर्माणका लागि जिविस, गाविस र जिल्ला शिक्षा कार्यालयबाट प्राथमिकताका आधारमा सहयोग गरिने छ र यो नीतिअन्तर्गत दलित, अल्पसंख्यक तथा अति विपन्न समुदायका सामुदायिक विद्यालय तथा मदर्साहरूलाई प्राथमिकता दिइने छ ।

प्रवेशिका परीक्षामा जिल्लाका ग्रामीण क्षेत्रका सरकारी तथा सामुदायिक विद्यालयहरूबाट प्रथम द्वितीय र तृतीय हुने छात्रछात्राहरूलाई (दलित छात्रछात्रासमेत) प्रोत्साहनस्वरूप पुरस्कृत गरिने परामपराको प्रारम्भ गरिने छ।

**२. स्वास्थ्य :**

स्वास्थ्य चौकीहरूको भौतिक तथा गुणात्मक पक्षहरूको सुधारका लागि जिल्ला जनस्वास्थ्य कार्यालयमार्फत आवश्यक पूर्वाधार विकासका लागि कार्यक्रम अगाडि बढाइने छ।

स्वास्थ्य समस्या तथा लैङ्गिक सवाल जस्ता विषयहरूलाई Cross Cutting Issue (अन्तरसम्बन्धित सबाल) का रूपमा लिई विकासका हरेक क्रियाकलापमा मूल प्रवाहीकरण गर्दै लैजाने नीति अंगीकार गरिने छ।

**३. महिला, बालबालिका र अन्य लक्षित वर्ग :**

गाविस अनुदानबाट लक्षित वर्गलाई किटान गरी उपलब्ध गराइने बजेटलाई प्रभावकारी रूपमा परिचालन गर्न सम्बन्धित निकायहरू महिला तथा बालबालिका कार्यालय, जिल्ला बाल कल्याण समिति, लक्षित वर्गहरूको समूह निर्माण गरी पारदर्शी रूपमा कार्यान्वयन हुने व्यवस्था मिलाइएको छ।

लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनको लागि उनीहरूले नै समूहमार्फत पहिचान गरेका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइएको छ।

लक्षित वर्गसँग काम गर्ने गैससहरूलाई क्षेत्रगत सहयोग र सहकार्यका लागि परिचालन तथा प्रोत्साहन गर्ने र यी वर्गहरूको सीप तथा क्षमता विकासका लागि जिल्ला विकास समितिबाट आवश्यक सहयोग गर्ने नीति गरिएको छ ।

स्थानीय शासन प्रक्रियामा बालबालिकाहरूको अधिकारसम्बन्धी सवाललाई समावेशी सिद्धान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको सँस्थागत विकास गर्न गराउनको लागि जि.वि.स.ले स्थानीय बालमैत्री शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लाई आधारमानी कार्यान्वयन गरिएको छ।

**४. पर्यटन विकास :**

जिल्लाका पर्यटकीय स्थलहरूको संवर्धन, संरक्षण र पहिचानका लागि तर्जुमा गरिएको पबर्त पर्यटन विकास योजनालाई परिशदबाट अनुमोदन हुन बाकि रहेको र सहकार्य र साझेदारीका आधारमा कार्यान्वयन गर्दै लैजान नीति अंगीकार गर्नुका साथै जिल्लाका तिलाबे ब्यारेज, पबर्तगढी, बिन्दवासिनी, पारसनाथ मन्दिर महुवन, जिराभवानी र रामभौरीभाथालाई पर्यटकीय क्षेत्र घोषणा गरिएको छ ।

**ग. कृषि विकास :**

जिल्लामा निर्माणका क्रममा रहेका कतिपय सडकहरू केवल मौसमी यातायातका सहयोगी भएका, सदरमुकाम र अन्य बजारी क्षेत्रसंग पहुँच भएर पनि स्थानीय उत्पादनहरू वृद्धि गरी बजारसम्म पुऱ्याई आम्दानी वृद्धि गर्नेतर्फ ध्यान जान नसकेको वर्तमान अवस्थामा त्यस्ता सडकमा पहुँच भएका गाविसहरूमा सम्भाव्यताका आधारमा नगदे तथा बजारमुखी वाली प्रवर्द्धन गरी आय आर्जनमा सहयोग पुऱ्याउन तरकारी,फलफूल तथा नगदेवाली विकास गर्न प्रोत्साहन नीति लिने । यसका लागि जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय, जिल्ला वन कार्यालय र जिविस गाविसहरूबीच आर्थिक वर्षको शुरूआतसंगै संयुक्त कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । पबर्त जिल्लामा प्रांगारिक खेती प्रवर्द्धन गर्ने नीति लिइनेछ । ५ वर्षिय आवदिक कृषि योजना तयार भएको ।

**घ. उद्योग वन तथा वातावरण :**

अति विपन्न क्षेत्रका लक्षित वर्गहरूलाई गोवर ग्याँस, सुधारिएको चुलो, ग्यासिफायरबाट विद्युतीकरण जस्ता वातावरणीय तथा स्वास्थ्यमैत्री वैकल्पिक ऊर्जा प्रविधि अपनाउन जिविसको ऊर्जा तथा वातावरण इकाइबाट सहुलियतपूर्ण अनुदानको व्यवस्था गरिने छ ।

**ङ. संस्थागत क्षमता तथा सेवाप्रवाहमा सुधार :**

जिविसको संगठन संरचना पुनरावलोकन गरी स्पष्ट रूपमा शाखागत तथा पदीय कार्य विवरण परिमार्जन गरी जवाफदेही कार्यसम्पादन संस्कारलाई संस्थागत गर्दै लगिने छ ।

कर्मचारीहरूको कार्य दक्षता वृद्धिका लागि तालीमको आवश्यकता पहिचान गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरूका साथै, क्षमता अभिवृद्धिका लागि प्रशिक्षण र अध्ययन भ्रमणका कार्यक्रमहरू संचालन गरिने छन् ।

जिविसको कार्यालयबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउन समय समयमा सार्वजनिक उत्तरदायित्व वहन गर्ने संयन्त्रहरू जस्तै सार्वजनिक सुनुवाइ (Public Hearing ), सुझाव पेटिका (Complaint Box), नागरिक वडा-पत्र ( Citizen Charter ) को व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

आन्तरिक लेखापरीक्षण कार्यविधि, अनुगमन कार्यविधि, आन्तरिक आय बाँडफाँड कार्यविधि तथा कर्मचारी आर्थिक प्रशासन विनियमावलीमा तर्जुमा तथा सुधार गर्दै लगिने छ

**<u>नीति कार्यान्वयनको अवस्था</u>**

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| १ | ● **जनतामा आधारित विकास**<br>● उपभोक्ता समिति द्वारा कार्यान्वयन गर्न सकिने योजनाहरुलाई प्राथमिकता दिने ।<br>● मानव शंसाधन विकास हुने कार्यक्रमलाई प्राथमिकता दिने ।<br>● जनताले आवश्यकता ठम्याई माग गरे अनुरुपका कार्यक्रम संचालन गर्ने ।<br>● जनताबाटै संचालन गर्नसक्ने योजनालाई प्राथमिकता दिने ।<br>● खानेपानी तथा सरसफाइमा जोड दिने । | ●३ लाख भन्दा साना गाविसबाट ३० लाख सम्म user committe ३० भन्दा माथी tender प्रकृया मार्फत काम गरेको<br>●मानव शंसाधन विकास योजना तयर गरेको छ।<br>●भैरहेको<br>●भैरहेको<br>●कार्यन्यन भईरहेको<br>उपभोक्ता समिती मार्फत काम भइरहेको<br>रु तिन लाख भन्दा कम लागतका गा बि स मार्फत सामुदायिक संगठनमा आधारित सस्था मर्फत काम भइरहेको<br>ODF घोषण भई सकेको | गाउँ प्रवेश गर्ने सडकलाई भन्दा व्यक्ति विशेषको घर जोड्ने सडक प्राथमिकता पर्ने गरेको | जि.वि.स.ले साना साना योजना आफैंले कार्यान्वयन गर्ने भन्दा अनुगमन र समन्वयकारी भूमिका गर्न सघाउने खालको नीतिको आवश्यकता छ ।<br>मानव शंसाधन विकास योजना अनुसार कार्यक्रम बानाई संचालन गर्नुपर्ने |

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| २ | **दीगोपना**<br>• उपभोक्ताहरुबाटै नियमित सम्भार, सम्बर्द्धन तथा सदुपयोग गर्ने व्यवस्था मिलाइएको कार्यक्रमलाई प्राथमिकता दिने ।<br>• प्राकृतिक श्रोतले नियमितरुपमा धान्न सक्ने क्षमताका कार्यक्रम संचालन गर्ने ।<br>• वातावरण अनुकुलका विकास कार्यक्रमलाई प्राथमिकता दिने ।<br>• जनताले जिम्मेवारी वहन गर्नसक्ने प्रबिधिको पहिचान गरी उपयोग गर्ने । | • पहल भएको खानेपानीका योजनामा काम भइरहेको<br>काम भइरहेको | | सबै किसिमका योजनामा अबलम्बन गर्नु पर्ने<br>स्पष्ट नीति बनाउन पर्ने |
| ३ | **संस्थागत विकास**<br>• स्थानीय निकाय तथा कार्यरत कर्मचारीको क्षमता/दक्षता अभिवृद्धि गर्ने । | भएको | | •स्थानीय निकाय तथा कार्यरत कर्मचारीको क्षमता/दक्षता अभिवृद्धि तालिम तथा अध्ययन |

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | • स्थानीय गैरसरकारी संघ संस्थाहरुलाई संगठित र सबलीकरण गरी थप जिम्मेवारी वहन गर्न लगाउने ।<br>• गैरसरकारी संघ संस्थाहरुलाई उत्तरदायी, पारदर्शी र समन्वयकारी बनाउन NGO Desk खडा गर्ने र नियमन गर्ने ।<br>• सामुदायिक संगठन र उपभोक्ता समुहहरुको संस्थागत विकास गर्दै सहकार्य बढाउने । | | | भ्रमणको ब्यबस्था गर्ने ।<br>NGO Desk खडा गर्ने |
| ४ | **साझेदारी र सहकार्य**<br>• सार्वजानिक निजी साझेदारी सम्बन्धि नीति निर्माण र कार्यान्वयन गर्ने ।<br>• NGO Desk गठन | • उपभोक्ता समितिसँगको सम्झौतामा उल्लेख भएको | कार्या-न्वयन हुन भने कठिनाइ रहेको | |

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | गरी सरकारी गैरसरकारी क्षेत्रको प्रभावकारितामा अभिबृद्धि गर्ने ।<br>● स्थानीय निकाय, समुदाय र अन्य सरोकारवालाहरुको साझेदारिताका कार्यक्रमलाई प्राथमिकता दिने ।<br>● सरोकारवालाहरुको बीचमा समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गर्ने । | | | |
| ५ | **स्थानीयता**<br>● स्थानीय श्रोत साधन र आवश्यकताकम आधारित कार्यक्रमलाई प्राथमिकता दिने ।<br>● स्थानीय सीप र प्रबिधिको परिमार्जन र विकास गर्ने ।<br>● नीजि क्षेत्रको संलग्नता र | आशिंक रुपमा हुँदै आएको छ । | | |

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | विकासका साथै स्थानीय आवश्यकता पुर्ति गर्ने कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्ने ।<br>● जिल्लाको आर्थिक विकासका लागि निजी क्षेत्रको संलग्नता बढाउन सकिने कार्यक्षेत्रको पहिचान गरी प्रोत्साहन गर्ने । | | | |
| ८. | **सामाजिक न्याय**<br>● महिला, बालबालिका, अपाङ्ग, दलित र अल्पसंख्यक जनजातिका लागि विशेष कार्यक्रम संचालन गर्ने ।<br>● सबै गा.वि.स.लाई सम्बोधन हुने गरी कार्यक्रम/परियोजना संचालन गर्ने ।<br>● अवसरको उपयोगमा कुनै जातिय तथा लैङ्गिक भेदभाव | भैरहेको | | |

| क्र.सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | नगर्ने । | | | |
| ९. | **सुशासन र पारदर्शिता**<br>● कर्मचारी आचार संहिता निर्माण गरी सुशासनमा जोड दिने ।<br>● सहभागितात्मक योजना तर्जूमालाई जोड दिई सेवाको गुणस्तरलाई प्रभावकारी बनाउने ।<br>● बैठकका निर्णयहरु सार्वजानिक गर्ने तथा सार्वजानिक सुनुवाई र लेखा परीक्षणलाई प्रभावकारी बनाउने ।<br>● रु. १० लाख भन्दा बढी रकमका आयोजनाहरुको अनुगमन मुल्याङ्कन राजनीतिक दलका प्रमुखहरुको संलग्नतामा गर्ने । | बनेको<br><br>भइरहेको | | |
| १० | प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा रोजगारी सृजना हुने कृषि तथा गैरकृषि क्षेत्रहरुको लगानीमा | भौतिक पूर्वाधार निर्माणमा कार्य भैरहेको | | |

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | जोड दिइनेछ । कुनै पनि योजना वा कार्यक्रम छनोट गर्दा रोजगार सृजना गर्ने कार्यक्रमलाई प्राथमिकता दिइ विदेश पलायन युवा शक्तिलाई स्वदेशमा परिचालन गर्नका लागि स्थानीय स्वरोजगार सृजना हुने वातावरण तयार गरिनेछ । | | | |
| ११ | युग सुहाउँदो आर्थिक विकासको लागि खाद्य सुरक्षा एंव जीवनयापनको महत्वपूर्ण आधारको रुपमा रहेको कृषि क्षेत्रको विकासलाई महत्व दिई स्रोतलाई एकीकृत गरी बजारीकरणमा परिणत गर्न तथा उत्पादकत्वमा वृद्धि गर्नका लागि आवश्यक | भैरहेको | | सिंचाई सुविधाको विकास र विस्तार उचित कृषि सामग्रीको समयानुकूल यथेष्ठ आपूर्ति, कृषि ऋण, अनुसन्धान, प्रविधि विस्तार, विद्युतीकरणलगायत बजार संयन्त्रको विकासमा विशेष जोड दिनु पर्ने । |
| १२ | विकासको मूलभारबाट पछि पारिएको समुदाय वा वर्गलाई समावेशी एवं दीगो विकासमा टेवा पुऱ्याउने प्राथमिकताका क्षेत्रहरुमा लगानी बढाइनेछ । | समुह निर्माण भई सोही अनुरुप कार्य भैरहेको । | | |
| १३ | ज्नतासँग प्रत्यक्ष सरोकार राख्ने विद्युत, सूचना तथा संचार, | भैरहेको | | |

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | ग्रामिण उर्जा, सडक, शिक्षा, स्वास्थ्य आदिको समग्र विकासको लागि निजी तथा गैरसरकारी क्षेत्रको लगानी अभिवृद्धि गरी लगानी वृद्धि गर्नतर्फ विशेष जाड दिइनेछ । | | | |
| १४ | नागरिकप्रति उत्तरदायी भइ व्यवहार गर्न, नागरिकका आधारभूत आवश्यकता अधिकारहरुप्रति संवेधनशील भइ प्रभावकारी सेवा प्रवाह गर्न, जि.वि.स तथा गा.वि.सहरुले आफ्ना कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमूखीकरण गर्नुको साथै कार्यालयको कार्यवातावरणमा आवश्यक सुधार ल्याउन जोड दिई सुशासन कायम गर्न प्रयास गरिनेछ । | प्रयासरत | पूर्ण नभएको | नागरिकका आधारभूत आवश्यकता अधिकारहरुप्रति संवेधनशील भइ प्रभावकारी सेवा प्रवाह गर्न, जि.वि.स तथा गा.वि.सहरुले आफ्ना कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमूखीकरण गर्नु पर्ने |
| १५ | स्थानीयस्तरमा स्वरोजगार सृजना गर्नका लागि स्थानिय उत्पादनमा आधारित सामानको बजार सुनिश्चित गर्ने कार्यको जोड दिइनेछ । यसको लागि जिल्ला उद्यमी संघको व्यवस्थापन तथा | भैरहेको | | |

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | प्रवर्द्धनमा विशेष ध्यान दिइनेछ । | | | |
| १६ | जिल्लाका पर्यटकीय स्थलहरूको संवर्द्धन, संरक्षण र पहिचानका लागि तर्जुमा गरिएको पबर्त पर्यटन विकास योजनालाई सहकार्य र साझेदारीका आधारमा कार्यान्वयन गर्दै लैजाने | लगानी भएको छ । | औपचारिक घोषणा गरिएको छैन । लगानी प्रतिफलको लेखाजोखा हुन सकेको छैन । | पबर्त जिल्ला पर्यटनको लागि प्रसस्त सम्भावना भएको जिल्ला भएर पनि ठोस कदम चाल्नका लागि नीतिका साथ साथै कार्यक्रमको पनि त्यतिकै आवश्यक छ । |
| १७ | जिल्लामा निर्माणका क्रममा रहेका कतिपय सडकहरू केबल मौसमी यातायातका सहयोगी भएका, सदरमुकाम र अन्य बजारी क्षेत्रसँग पहुँच भएर पनि स्थानीय उत्पादनहरू बृद्धि गरी बजारसम्म पुऱ्याई आम्दानी बृद्धि गर्नेतर्फ ध्यान जान नसकेको वर्तमान अवस्थामा त्यस्ता सडकमा पहुँच भएका गाविसहरूमा सम्भाव्यताका आधारमा नगदे तथा बजारमुखी बाली प्रवर्द्धन गरी आय आर्जनमा सहयोग पुऱ्याउन तरकारी, फलफूल तथा नगदेवाली विकास गर्न प्रोत्साहन नीति लिने । यसका लागि जिल्ला | समन्वय भएको | औपचारिक कार्यक्रम भने नभएको<br><br>औपचारिक कार्यक्रम भने नभएको | यसका लागि जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय, जिल्ला वन कार्यालय र जिविस |

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय, जिल्ला वन कार्यालय र जिविस गाविसहरूबीच आर्थिक वर्षको शुरूआतसँगै संयुक्त कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । | | | गाविसहरूबीच आर्थिक वर्षको शुरूआतसँगै संयुक्त कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्ने । |
| १८ | कार्यलयमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी जिविस तथा गाविसको न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनमा सुधार ल्याई थप अनुदान भित्र्याउन आवश्यक पहल गरिनेछ । | | उल्लेख्य हुन नसकेको | |
| १९ | जि.वि.स.को संगठन संरचना पुनरावलोकन गरी स्पष्ट रूपमा शाखागत तथा पदीय कार्य विवरण परिमार्जन गरी जवाफदेही कार्यसम्पादन संस्कारलाई संस्थागत गर्दै लगिने छ । | | संगठन संरचना पुनरावलोकन नभएको र पदीय कार्य विभाजन पनि परिमार्जन हुन नसकेको । | |
| २० | वातावरण व्यवस्थापन गर्दा गरीबी न्यूनिकरण एवं गरीबको जीविकोपार्जनमा अभिवृद्धिमात्र नभएर राष्ट्रिय अर्थतन्त्रमा | | हुन नसकेको | |

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | समेत सहयोग पुग्छ भन्ने मान्यतामा आधारित भइ वातावरण व्यवस्थापनलाई जिल्ला विकास योजना, बजेट र कार्यन्वयन पक्षमा एकीकृत गर्न जोड दिइनेछ । | | | |
| २१ | जि.वि.स.को कार्यालयबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउन समय समयमा सार्वजनिक उत्तरदायित्व वहन गर्ने संयन्त्रहरू जस्तै सार्वजनिक सुनुवाइ ( Public Hearing ), सुझाव पेटिका (Complaint Box), नागरिक बडा-पत्र ( Citizen Charter ) को व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । | सार्वजनिक सुनुवाइ (Public Hearing ),नागरिक बडा-पत्र (Citizen Charter) को व्यवस्था भएको | सुझाव पेटिका (Complaint Box) प्रभावकारी नभएको | |
| २२ | साक्षरता शिक्षा लाई जीवन पद्धतिसँग आवद्ध गरी सिप र कामको अन्तरसम्बन्ध स्थापित गर्दै सबै नेपाली र विशेष गरी महिला तथा विपन्न समुदायका व्यक्तिहरुलाई साक्षरता र निरन्तर शिक्षाका | | | |

| क्र. सं. | नीति | कार्यान्वयनको अवस्था | | सुझाव |
|---|---|---|---|---|
| | अवसरहरु उपलब्ध गराउने | | | |
| २३ | जिल्लाको नियमित आम्दानीमा वृद्धि गर्न तथा राष्ट्रिय आम्दानीमा समेत थप टेवा पुऱ्याउनका लागि जिल्लाका देउपुर, देउराली, भुकताङ्ले गाविसबीचमा रहेको माटेको ढुंगाखानी, फलामखानीको फलामखानी, खुर्कोटको संभावित सुनखानीलगायत जिल्लाका अन्य संभाव्य स्रोतहरुको खोजी तथा उत्खनन् लगायत कालीगण्डकीको च्यफ्टिङको व्यवस्थापनको कार्यमा विशेष जोड दिइनेछ । | | आन्तरिक आय बाँडफाँड कार्यविधि तथा आर्थिक प्रशासन विनियमावली बनेको छैन । | आन्तरिक आय बाँडफाँड कार्यविधि तथा आर्थिक प्रशासन विनियमावली बनाउनु पर्ने । |
| २४ | जिल्लाको युवा शक्तिलाई खेलकुदको क्षेत्रमा आकर्षण गर्ने उद्देश्यअनुरुप राष्ट्रिय स्तरमा पदक हासिल गर्ने जिल्लाभित्रका खेलाडीहरुलाई उचित सम्मान गर्दै जाने नीति अङ्गिकार गरिनेछ । | | | |

**संस्थागत क्षमता लेखाजोखा**

| क्रम संख्या | विवरण | अवस्था | सुझाव |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | मानव संसाधन | • केही दरबन्दी रिक्त छन् । <br>• संगठन संरचना परिवर्तन आवश्यक छ । <br>• कानुन तथा अनुगमन कार्यका लागि जनशक्तिको अभाव छ । | • जि.वि.स.मा १ दशकभन्दा अगाडिको दरबन्दी नै हालसम्म रहेकाले कार्य चापको अवस्थाको पुनः अध्ययन गर्ने <br>• संगठन संरचना, दरबन्दी र कार्य विवरण पुनरावलेकन गर्ने |
| २ | आर्थिक श्रोत | • आन्तरिक आर्थिक श्रोत घट्नु र त्यसबाट मात्रै प्रशासनिक खर्च गर्नु पर्ने कानुनी जटिलता, <br>• अनुदान रकम पनि घट्दो क्रममा | • राजस्व सम्भावना तथा पहिचान गरी तदअनुसार थप आयश्रोत बृद्धि गर्न प्रयास गर्ने <br>• थप बाह्य श्रोतको लागि प्रयास गर्ने |
| ३ | भौतिक | • भवन तथा सवारी साधनको कमि | • नयाँ भवनको पूर्ण सदुपयोग गर्ने <br>• जिल्ला प्राविधिक कार्यालयको लागि छुट्टै भवन निर्माण गर्ने |

**३. गत वर्षको मूख्य मूख्य उपलव्धिहरु**

- सामाजिक परिचालन द्धारा समुह गठन परिचालन ।
- उद्यम विकास गतिविधि संचालनमा सीप र ऋण उपलब्ध ।
- उत्पादन मुलक भौतिक पूर्वाधारको विकास ।
- नियमित रुपमा प्रकाशन तथा वितरण र तालिम संचालन ।
- ग्रैह सरकारी संस्था नियमित अनुगमन र पृष्ठपोषण ।
- स्थानीय विकास कोषको दिगो व्यवस्थापन ।
- गाविस हरुको क्षमता अभिवृद्धि र संस्थागत विकास ।
- स्थानीय स्तरमा यातायातको उपलब्धता र गुणस्तरमा वृद्धि ।
- ग्रमाणि क्षेत्रमा सडक संजाल विस्तार ।
- गरिब दलित तथा जेहन्दार बालबालिका हरुलाई लक्षित गरी शिक्षा क्षेत्रमा सहयोग ।
- एल.जि.सि.डी. कार्यक्रम अन्तर्गत भौतिक निर्माण तथा सामाजिक परिचालन कार्यक्रम ।
- गरिबसंग विशेश्वर कार्यक्रम संचालन गरी सामाजिक परिचालनको माध्यमबाट गरिब तथा पिछडीएको समाजको विकास तथा सुदृढिकरण ।

**४. यस वर्षको मुख्य मुख्य उपलब्धीहरु**

**स्थानीय भौतिक पूर्वाधार**

| सि.नं. | संचालिक कार्यक्रम तथा आयोजनाको नाम | उपलब्धी | लाभान्वित जनसंख्या |
|---|---|---|---|
| **१** | **सडक** | **कि.मि.** | |
| १.१ | ग्रेभल सडक | ४०.९२ | ३६४७५ |
| १.२ | कालोपत्रे सडक | ४२.५ | २७०० |
| **२** | **पुल** | **वटा** | |
| २.१ | मोटरेवल पूल | १ | २५७५ |
| २.२ | झुलुङ्गे पूल | ११९ | २७२५ |
| **३** | **सिचाई तथा नदी नियन्त्रण** | **हेक्टर** | |
| ३.१ | सिचाई | ९,०७३ | ७१५० |
| ३.२ | नदी नियन्त्रण | ५ वटा | १२५० |
| **४** | **खानेपानी तथा सरसफाई** | **वटा** | |
| ४.१ | खानेपानी धारा वितरण | २७१ | २९१९ |
| ४.२ | चर्पी | ४५६ | ७२२५ |
| **५** | **भवन** | **संख्या** | |
| ५.१ | विद्यालय | ३७२ | २२५०० |
| ५.२ | सामुदायिक भवन | १६ | ७२५० |
| ५.३ | स्वास्थ्य चौकी | १० | १२५० |
| **६** | **शिक्षा तथा संस्कृति** | **वटा** | |
| ६.१ | खेलकुद | १५ | १७५० |
| ६.२ | धार्मिक स्थलको संरक्षण र निर्माण | ३२ | १७५०० |

**लक्षित वर्ग, सामजिक सामावेशिकरण र सामजिक परिचालन**

| सि.न | कार्यकम | उपलब्धी | लाभान्वित जनसंख्या |
|---|---|---|---|
| १ | आय आर्जज तथा स्वरोजगार मुलक कार्यकम | ३८० समुह | १७२० |
| २ | सिप तथा क्षमता विकास तालिम | ४१५ वटा | ४१५ |
| ३ | गरीवी निवारण सम्बन्धि कार्यकम | ३२५ | ३२५ |

**मानव तथा संस्थागत क्षमता विकास**

| सि.न | विवरण | ईकाई | उपलब्धी (लाभान्वित) |
|---|---|---|---|
| १ | कर्मचारीको क्षमता विकास | १ वटा | ७ जना |
| २ | नागरिक सचेतना केन्द्र स्थापना | ५ वटा | ५५ |

**सामाजिक सुरक्षा कार्यकम**

| सि.न | विवरण | उपलब्धी (लाभान्वित जनसंख्या ) |
|---|---|---|
| १ | ज्येष्ठ नागरीक, | ६६३३ |
| १.१ | दलित (६० वर्ष) | ३०३८ |
| १.२ | एक्कल महिला (६० वर्ष) | ३७११ |

| | | |
|---|---|---|
| २ | ६० वर्ष मुनिका एक्कल महिला | २५१३ |
| ३ | पूर्ण अपाङ्ग | १६१ |
| ४ | आंसिक अपाङ्ग | ७५ |

## ५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल बा यातायतको सुविधा भएको घरधुरी | | | |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | १२.५३ % | नियमित कार्यक्रम | १२.५३ % |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | ८७ % | नियमित कार्यक्रम | ९४ % |
| ४ पटक गर्ववती जाच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ५९.८ % | नियमित कार्यक्रम | ५५.८ |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिला संख्या | ४३ % | प्रसुती केन्द्रमा बृद्धि | ५० % |
| Under 5 yrs population proportion of pneumonia | ३६ % | | ३२.९ % |
| Proportion of severe pneumonia under 5 yrs children | ०.६ % | नियमित कार्यक्रम | १.३ % |
| Proportion of severe dehydration | ०.४ % | नियमित कार्यक्रम | ०.६ % |
| Malariya Positive | | | |
| Maternal mortality | २८१ प्रतिलाख | नियमित कार्यक्रम | २२९ प्रतिलाख |
| Mortality of Under 5 yrs children | ६१ प्रति हजार | नियमित कार्यक्रम | ५४ प्रति हजार |
| Infant Mortality uner 2 yrs | ४८ प्रतिहजार | नियमित कार्यक्रम | ४६ प्रति हजार |
| Total fertility rate (18-49) yrs of women | ३.१ | नियमित कार्यक्रम | ३.६ |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ५४.६ % | नियमित कार्यक्रम | ६६.७ % |
| **शिक्षा** | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर | | भर्ना अभियान | ८७ % |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या प्रतिशत | | नियमित कार्यक्रम | १३ % |
| प्राथमिक तहमा कक्षा दोहोराउने विद्यार्थी | | नियमित कार्यक्रम | कक्षा १ मा ८ % |
| निम्न माध्यामिक तहमा कक्षा दोहोराउने विद्यार्थी | | | कक्षा ८ मा १३ % |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | ९८% |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | १९५ |
| **खानेपानी तथा सरसफाई** | | | |
| पानी पुगेको परिवार संख्या वा प्रतिशत | | | ८९.५६ % |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | | | ६ % |
| सौचालय भएको संख्या वा प्रतिशत | | | १०० |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | ९० % |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| एच.आई.भि र एड्स | ८८ जना | | १३९ जना |
| **सेवाहरूमा पहुँच** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | | | २० मिनेट |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | | | ३ घण्टा |

| **सामाजिक जिम्मेवारी क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| लक्षित वर्ग, सामजिक सामावेशिकरण र सामजिक परिचालन<br>- आय आर्जज तथा स्वरोजगार मुलक कार्यक्रम<br>- सिप तथा क्षमता विकास तालिम<br>- गरीवी निवारण सम्बन्धि कार्यक्रम | - ३८० समुह गठन भई १७२० जना लभान्वित ।<br>- ४१५ जनाले क्षमता विकास तथा सीप विकास सम्बन्धि तालिम प्राप्त गरेको<br>- ३२५ जना आय आर्जन तथा वचत कार्यक्रमबाट लाभान्वित भएका |
| नागरिक सचेतना केन्द्र | - ६९ वटा केन्द्रका १७२५ जना व्यक्तिहरु आफ्ना हक अधिकार तथा स्थानीय स्रोत र योजना प्रकृयाबारे शिक्षित भएका । |
| सामाजिक सुरक्षा कार्यक्रम | - जेष्ठ नागरीक, दलित, सामान्य, एकल महिला, ६ वर्ष मुनिका एकल महिला र पूर्ण अपांग गरी २३९९१ जन लाभान्वित । |

**६. गत वर्ष भोगेका समस्याहरु**

**जिल्ला विकासका समस्या तथा चुनौतिहरु**

१. जिल्लाको माग र आवश्यकताअनुसारको कृषि र पशुजन्य उत्पादन नहुनु तथा खाद्यन्न र पशुजन्य उत्पादनमा आत्मनिर्भर हुन नसक्नु ।

२. घरेलु उद्योग तथा लघुउद्यममा दिगोपनाको विकास नहुनु ।
३. जिल्लाका सबै गा.वि.स. लाई सदरमुकाम पुग्न भरपर्दो यातायातको पहुँच नहुनु ।
४. योजनाबद्ध तथा व्यवस्थित सहरी विकास नहुनाको कारण एक योजनाको निर्माणले अर्को योजनाको क्षती हुने ।
५. जिल्लाका ठुला फाँटहरु तथा अन्य खेतियोग्य जमिन सडक खन्ने र घर निर्माण नासिदै जानु ।
६. लेक लेकका पुराना उत्पादनशील जमिन बाँझो अवस्थाका रहनु र पुराना पशुगोठहरु लोप हुँदै जानु।
७. अव्यवस्थित र अनियन्त्रित सडक निर्माण कार्यले भूक्षय तथा बोट बिरुवाको बिनास बढ्दै जानु ।
८. प्लाष्टिजन्य फोहोर मैलाले सहरी वातावरणको साथै खेतीयोग्य जमिनको प्रदुषणमा वृद्धि हुनु ।
९. विकास निर्माणका योजनाहरुको गुणत्मक वृद्धिभन्दा संख्यात्मक वृद्धितर्फ लाग्ने मनोवृत्तिको विकास ।
१०. पूर्वाधारको विकासलाई मात्र विकास भन्ने प्रबृत्तिको विकास हुनु ।
११. जिल्ला विकास समितिको आन्तरिक आय न्यून हुनु तथा आय वृद्धिको दिगो सम्भावना नहुनु ।
१२. श्रमदान गर्ने प्रवृतिमा ह्रासहुदै जानु ।
१३. संपन्न पूर्वधारहरुको सामान्य मर्मत संभारलाई पनि जिविस गुहार्ने प्रवृति ।
१४. टूक्रो योजना
१५. निर्वाचित प्रतिनिधि नहुनु
१६. जि.वि.स.को लामो अवधिको योजना नहुनु
१७. दक्ष जनशक्तिको कमि
१८. पुरानो वेरुजु
१९. केही ठेकेदार तथा उपभोक्ता समुहले समयामा काम सम्पन्न नगर्नँ
२०. उपभोक्ता समुह विच विवाद
२१. उपभोक्ताको सकृय सहभागीता नहुनॅ

**७. सुधारको लागि चाल्नुपर्ने सुझावहरु**

- जि.वि.स.को प्रथम आवधिक योजनाको मूल्यांकन गरि अर्को आवधिक योजना तर्जुमा गर्ने
- जनशक्तिको विकासमा जोड
- सामाजिक परिचालनको माध्यमबाट जनचेतना अभिवृद्धि
- अनुगमन तथा मुल्यांकनमा जोड
- जिल्ला गरीबी अनुगमन विश्लेषण प्रणलीले औल्याएको कमजोर पक्षलाई कार्यन्वयनमा प्राथमिकता
-

१. सामाजिक परीक्षकको नाम : कीर्ति राज सुबेदी
दस्तखत :

२. सामाजिक परीक्षकको नाम : शोभा कुमारी पौडेल
दस्तखत :

संस्थाको नाम : ब्राइट फ्यूचर ईंन्टरनेसनल प्रा.लि. बानेश्वर, काठमाण्डौ
मिति २०७०कार्तिक

श्रीमान स्थानीय बिकास अधिकारी ज्यू
जिल्ला बिकास समिति पर्वत ।

जिल्ला बिकास समिति पर्वत र यस कम्पनी विच सामाजिक परीक्षणको लागि भएको सम्झौता वमोजिम प्रस्तावमा उल्लेख भए बमोजिमको प्रकृया पुरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. पृष्ठभूमि

सामाजिक परीक्षणको परिभाषामा समानता भेटिंदैन । सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

पहिलो पटक सामाजिक परीक्षण गरिंदैछ भने विगतको कार्य सम्पादनको मूल्याङ्कनमा भन्दा संस्थागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिनुपर्दछ । सामाजिक परीक्षण बर्षमा एक पटक वा दुई वर्षमा एक पटक गर्ने प्रचलन रहेको पाइन्छ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक गर्ने प्रावधान भएकोले स्थानीय निकायहरू (जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गा.वि.स.हरू)ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गरी सक्नुपर्छ । यसका लागि स्थानीय निकायले सो निकायसँग प्रत्यक्ष सम्बन्ध नभएको विज्ञलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्छ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय निकायले एक समन्वय समिति गठन गर्नेछ । समन्वय समितिको गठन बाध्यात्मक भने हुनेछैन ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा पेश गर्नु पर्ने प्रावधान रहेको छ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँनेछन् । सामाजिक परिक्षण कार्यविधि २०६७ वमोजिमको अधिनमा रही जिल्ला विकास समिति पर्साको आ.व.०६८।०६९को सामाजिक परीक्षण गरिएको छ ।

## २. उद्देश्य

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप जिल्ला विकास समितिको एक आर्थिक वर्षमा जिल्ला विकास समितिकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण (

लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै नगरपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन् ।

**३. सामाजिक परीक्षण अध्ययन विधि**

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरिएका थिए :

**क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन**

- स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक प्रतिवेदनहरू

**ख) अन्तरवार्ता र समूह छलफल**

जिल्ला बिकास समितिका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नु गरियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

**ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल**

ारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू संकलन

**४. अध्ययनका सिमा**

जिल्ला स्थित सम्पूर्ण गैह्रसरकारी संस्थाहरुलाई अध्ययनको क्षेत्रभित्र समेट्न सकिएन ,स्थानीय स्तरमा सुचना तथा तथ्याङ्कको अभाब ।

**५. बृहत् छलफल कार्यक्रमको विवरण**

क) मिति : २०७०।०७।२५
ख) स्थान : जि.वि.स. सभाहल
ग) समय : दिउँसो १:३० देखि ४:३० बजेसम्म

**६. स्थानीय निकाय र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरुको विवरण**
कार्यबिधिको **अनुसूची २ र ३** बमोजिमको विवरण संलग्न गरिएको छ ।

**७. सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरु**

- सामाजिक परिचालन द्धारा समुह गठन, परिचालन र कार्यन्वयन ।
- जिबिस बाट गै.स.सको नियमित अनुगमन र पृष्ठपोषण गरिएको ।
- जिबिसको उद्योग तथा कृषिको गुणस्तर तथा उत्पादकत्वमा वृद्धि भएको ।
- ग्रामिण क्षेत्रमा सडक विस्तार तथा मर्मत ।
- ग्रामिण भेगमा विद्युतिकरण विस्तार
- खानेपानी तथा सरसफाईमा सुधार तथा खुला दिसा मुत्त क्षेत्र घोषणा ।
- विद्यालयहरुको निर्माण तथा भौतिक पूर्वाधार विस्तार भएको ।
- महिला तथा पिछडावर्गको योजना कार्यन्वयनमा सकृय सहभागिता बढेको ।
- संस्थागत क्षमता तथा सेवा प्रवाहमा सुधार आएको ।
- अधुरा योजनाहरुलाई पूरागर्ने निति लिएको ।
- सम्पूरक कोषको व्यवस्था गरिएको ।
- अनुगमन कार्यलाई भरपर्दो र प्रभावकारी वनाउने प्रयास गरिएको ।
- बेरुजु (४७ प्रतिशत) घटेको ।
- पेश्की फछ्र्यौट तर्फ कारबाही अगाडि बढाएको ।

**८. सामाजिक परिक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु** सामाजिक परिक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरु निम्नबमोजिम छन् ।

**क) स्थानीय निकाय**

**ख) विषयगत कार्यालय**

<u>कृषि बिकास कार्यलयतर्फ</u>

- रासायनिक मलको अभाव
- अनुगमनको अभाबमा कारण गुणस्तरहिन बिज भित्रने गरेको
- सेवाकेन्द्र भवन जिर्ण हुँदै गएको
- भएका सेवा केन्द्रहरु हटाइएकोले कृषकहरुले कृषि सेवा प्राप्त गर्न कठिन भएको
- सवारी साधनको कमिका कारण अनुगमन र सेवामा कठिनाई

- सीत भण्डारको अभावमा उत्पादित फलफुल तथा तरकारीहरु घाटा व्यहोरेर सस्तो मुल्यमा बेच्नुपर्ने वा कुहिएर नष्ट हुने गरेको
- मौजुदा कृषि संकलन केन्द्रको सञ्चालन उचित तरिकाले हुन नसक्दा कृषकहरुले उत्पादित कृषि उपजलाई सस्तो मुल्यमा व्यापारीलाई बेच्नुपर्ने
- विभिन्न विषयगत कार्यालयहरु गै.स.स. तथा अन्य विकास सम्बन्धी साझेदार संस्थाहरुबाट जिल्लामा सञ्चालन हुने कृषि संबन्धी कार्यक्रमहरु जिल्ला कृषि कार्यालयसंग समन्वय गरेर हुनुपर्नेमा अपेक्षा गरे अनुरुप हुन नसकेको ।
- कृषि पेशालाई व्यावसायिकिकरण गर्न अनुदानको व्यवस्था गर्नु पर्ने
- आलुको उत्पादनको उचित मूल्यका लागि शित भण्डारको व्यवस्था गर्नु पर्ने

**शिक्षा तर्फ**

- जिल्लाका स्रोतकेन्द्रबाट सञ्चालन हुने शिक्षक तालिम कार्यतालिका अनुसार हुन नसक्नु
- विद्यालय र स्रोत व्यक्तिबाट समयमै प्रतिवदन पेश गर्न नसक्नु
- क्ी।क्ष्। को पास प्रतिसत न्यून रहेको
- विद्यार्थीहरुको संख्या माथिल्लो कक्षामा घट्दो त्रममा रहेको
- विद्यालयमा शौचालयको राम्रो प्रबन्ध नहुनु

**बालकल्याण तर्फ**

- बाल क्लव गठन गर्दा लक्षित बालबालिकाको सहभागिताको कमी हुने गरेको
- बालकल्याण कार्यक्रम सञ्चालनको लागि बजेट अपुग(वार्षिक रु.१८०००। मात्र)
- अल्पकालिन बालगृहको व्यवस्था नभएको
- बालकल्याण गृहको भौतिक विस्तार नभएको(२७ जना मात्र राख्न सकिने)
- नगर स्तरको बाल क्लबको सञ्जालको कोषमा रकम अभाव
- कर्मचारीहरुको समायोजनको समस्या(मन्त्रालयले समाधान गरीदिनु पर्ने)
- बाल श्रमिकहरुको तथ्याङ्कको अभाव
- महिला विकास कार्यालय र बाल कल्याण समिति बीचको कार्य क्षेत्र स्पष्ट नहुनु

**खानेपानी तर्फ**

- खानेपानी आयोजना कार्यान्वनको लागि लागत सहभागिता जुटाउन कठिनाई हुने
- आयोजनाको लागत इष्टिमेटको तुलनामा बजेट कम आउने गरेको हुँनाले आयोजना सम्पन्न गर्न धेरै वर्ष लाग्ने गरेको (कम्तीमा ३ वर्षभित्र एउटा आयोजना सम्पन्न हुनुपर्ने)
- गैह्र सरकारी संस्थाबाट कार्यक्रम/आयोजना कार्यान्वन र सञ्चालन गर्ने शिलसिलामा यस कार्यालयसंग समन्वयमा कमी रहेको
- २०५८ सालबाटै साना आयोजनाका लागि बजेट जि.वि.स.मा जान थालेकाले खानेपानी सम्बन्धी स-साना आयोजनाहरु सञ्चालन गर्न कठिनाई भएको

- जि.वि.स. परिषद्बाट पारित भई मन्त्रालय एवं योजना आयोगबाट स्वीकृत भई आउनु पर्ने आयोजनाहरुको सट्टामा नामै नसुनेका र प्राथमिकतामा नपर्ने आयोजनाहरु कार्यान्वन गर्नुपर्ने वाध्यता ।

**पशुसेवा कार्यालय तर्फ**

- बजेट सिमितता(वार्षिक ३ लाख मात्र)को कारणले पकेट क्षेत्रको विकास गर्न नसकिएको
- गै.स.स.हरु र विषयगत कार्यालयहरुबाट सञ्चालित धेरैजसो कार्यक्रमहरु यस कार्यालयमा आवश्यक समन्वय नभएको ।
- केन्द्रियस्तरबाट हुनुपर्ने अनुगमन हुन नसकेको
- राजनैतिक अस्थिरताको कारणले निति तथा कार्यक्रमहरु कार्यान्यिन गर्न कठिनाइ भएको
- जि.वि.स. तथा गा.वि.स.बाट पशु विकासको लागि प्रयाप्त बजेट विनियोजन हुनु नसक्नु

**महिला तथा वालबालिका तर्फ**

- गा.वि.स. अनुदानबाट महिला वर्गलाई लक्षित गरी उपलब्ध गराइने अधिकांस बजेट भौतिक पूर्वाधारमा खर्च गर्ने प्रवृति
- गा.वि.स. को योजना प्रक्रियामा महिलाहरूको सहभागिता न्यून देखिनु
- गा.वि.स.को बजेटबाट महिला तथा बालबालिका लक्षित कार्यक्रम सञ्चालन गर्दा यस कार्यालयसंग समन्वय हुन नसक्नु
- अन्य संघ संस्थाहरूबाट आय आर्जनका लागि धेरै अनुदान दिने हुदाँ कार्यक्रम प्रति आकर्षण बढ्न नसक्नु
- अधिकांस संघ संस्थाहरू वचत कार्यक्रममा केन्द्रित रहेको तर तीनीहरू बीच आपसी समन्वयमा कमी रहेको

**जनस्वास्थ्य तर्फ**

- बजेट ढिलो निकासा हुने जसले गर्दा कार्यक्रम सञ्चालनमा पनि ढिलाई हुने गरेको ।
- जनसङ्ख्याको तुलनामा जनशक्तिको कमि
- कार्यक्रमको विस्तार सँगै पूर्वाधार बन्न नसकेको
- विभिन्न पार्टीका भातृ संगठनहरू, संघ संस्था तथा समूहहरूबाट चन्दा असुलीको लागि दबाव आउने गरको
- कार्यक्रम छनोटको साथै कर्मचारीहरूको नियुक्ति र पदस्थापन पक्रियामा राजनैतिक हस्तक्षेप
- आमा सुरक्षा कार्यक्रममा स्थानीय निकायहरूबाट (गा.वि.स.) अपेक्षित सहयोग प्राप्त हुन नसक्नु
- उपस्वास्थ्य चौकीबाट स्वास्थ्य चौकी बनाइएका र स्वास्थ्य चौकीबाट प्राथमिक स्वास्थ्य केन्द्र बनाइएका कार्यालयहरूमा कतिपय दरबन्दी खाली भई मानवीय स्रोत साधनको अभाव भएको हुनाले सेवा प्रवाह सन्तोषजनक हुन नसकेको ।

- धेरैजसो गा.वि.स. बाट स्वास्थ्य क्षेत्रको लागि वजेट विनियोजन हुन नसक्दा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको ।
- अस्पतालहरुमा इऋ:ऋ ९इलभ मययच ऋचष्कष्क :बलबनभक्ष्भलत ऋभलतभच० व्यवस्था नहुँदा उक्त केनद्रबाट प्रदान गरिने सुरक्षा, सामाजिक सेवा ,कानुनी परामर्श, विपत सम्बन्धी सूचनाहरु सेवाग्राहीहरुले प्राप्त गर्न नसकेको

**ग) गैह्रसरकारी सस्था**

- बजेट निकासामा ढिला सुस्ती तथा निकासा प्रकृया झन्झटिलो
- निम्न शैक्षिक स्थितिले गर्दा समुदाय परिचलनमा कठिनता
- सरकारी तथा गैह्र सरकारी निकायको निकट समन्वय र सम्बन्ध
- जुन कार्यक्रम सञ्चालन गर्दा पनि भत्ताको माग
- दातृसंस्थाको कार्य योजना अनुसार कार्य गर्नु परेको ।
- पुर्नःस्थापना केन्द्रको संचालनमा बजेट अभावका कारण निरन्तरताको लागि समस्या ।
- लागु पदार्थ सेवन लगाएतका क्षेत्रमा लागेका व्यक्तिहरुलाई समाजमा ल्याएर पुर्नःस्थापना गर्ने कार्य निकै कठिन
- वैकल्पिक व्यवस्थाको अभाव
- बजेट निकासामा ढिला सुस्ती तथा निकासा प्रकृया झन्झटिलो
- निम्न शैक्षिक स्थितिले गर्दा समुदाय परिचलनमा कठिनता
- जुन कार्यक्रम सञ्चालन गर्दा पनि भत्ताको माग
- ऋण परिचालनमा समस्या
- राजनैतिक दबाव
- महिलाको सहभागिता कम
- निम्न शैक्षिक स्थितिले गर्दा समुदाय परिचलनमा कठिनता
- सरकारी तथा गैह्र सरकारी निकायको निकट समन्वय र सम्बन्ध

**९. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु**

**क) स्थानीय निकाय**

- जिल्लाको नीति अनुसार कार्यक्रम तथा आयोजना भए नभएको विषमा जिल्ला परिषद पूर्व व्यापक छलफल गर्ने र नीति तथा कार्यक्रम स्पष्ट हुनु पर्ने ।
- भौतिक पूर्वाधार भन्दा रोजगार मूलक र गरिबी निवारण लक्षित योजनाहरु समावेश हुनु पर्ने ।

- नगरको वार्षिक योजना तथा नितिहरु तयार गर्दा राष्टिय निति र नगरको आवाधिक तथा विषयगत योजनाले निर्देशित गरेका उद्देश्यहरुलाई ध्यान पुराउनु पर्ने ।
- विगत केही आ.व. देखि एकै किसिमका निति हरु रहेकोले राष्टिय निति तथा कार्यक्रम अनुसार जिल्लाको नितिहरुलाई समायोजन गर्न आवस्यक छ ।
- जिबिस समग्र जिल्लाको  समन्वयकारी संस्था भएकाले अन्य विषयगत कार्यालय तथा गै.स.स.को कार्यक्रमको अनुगमन, मूल्यांकन र सहयोग बढाउनु पर्ने ।
- जिल्लाको वार्षिक कार्यक्रम तथा बजेट आर्थिक वर्षको शुरुमै विभिन्न माध्यमबाट सार्वजनिक गर्ने र सरोकारवालाहरुवीच जानकारी गराउनु पर्ने ।
- कार्यक्रम तथा आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन तथा थप प्राविधिक सहयोग उपलब्ध गराउन नियमित अनुगमन तथा निरीक्षणको व्यवस्था गर्ने, अनुगमन तथा मुल्यांकन प्रणालीलाई यथार्थ र वस्तुनिष्ठ बनाउन सरोकारवालाहरुको सहभागितामा जिल्ला स्तरीय  साझा संयन्त्र तयार गरी कार्यान्वयन गर्ने ।
- जिल्लामा कार्यरत गैर सरकारी संस्थाहरुको कार्यक्रमको दोहोरोपना हटाउनु पर्ने
- गैर सरकारी संस्था र स्थानीय निकाय, बिषयगत कार्यालयहरु समेतको पहलमा भर्ना हुन नसकेका र शिक्षाको पहुँच नपुगेका बालबालिकालाई विद्यालय भर्ना गरी आगामी वर्ष पर्सा जिल्लालाई सतप्रतिशत विद्यालय भर्ना गर्न विशेष कार्यक्रम तय गर्नु पर्ने ।
- राजनीतिक दल, शिक्षक पेशागत संघसंगठन, गैर सरकारी संघसंस्था समेतको सञ्जाल तयार गरी नगरको विकासमा सञ्चालनको साझा रणनीति पहिचान गरी कार्यान्वयन गर्ने ।
- जिविसको आवाधिक योजना अध्यावधिक गरी अन्य विषयगत कार्यालयको विषयगत आवाधिक योजनाहरु समेत तयार गर्नुपर्ने ।

**ख) विषयगत कार्यालय**

कृषितर्फ

- रासायनिक मलको अभाव घटाउन अर्गानिक खेतीको प्रर्वद्धन गनुपर्ने ।
- सेवाकेन्द्र भवनहरुको निरन्तर मर्मत सम्भार गनुपर्ने ।
- थप सेवा केन्द्रहरुको विस्तार गर्ने ।
- अनुगमनका लागि सवारीसाधनको व्यवस्था गनुपर्ने ।
- सीत भण्डार नगरको विभिन्न ठाउँहरुमा विस्तार गरी उत्पादित फलफुल तथा तरकारीहरु विक्री वितरणमा कृषकलाई सघाउ पुरयाउने ।
- मौजुदा कृर्षि संकलन केन्द्रको सञ्चालन संचालक समितिबाट उचित व्यवस्थापनका साथ हुनु पर्ने
- विभिन्न  विषयगत कार्यालयहरु गै.स.स. तथा अन्य विकास सम्बन्धी साझेदार संस्थाहरुबाट जिल्लामा सञ्चालन हुने कृषि संबन्धी कार्यक्रमहरु जिल्ला कृषि कार्यालयसंग समन्वय गरेर संचालन गर्नु पर्ने ।

**शिक्षा तर्फ**

- स्रोतकेन्द्रबाट सञ्चालन हुने शिक्षक तालिम कार्यतालिका अनुसार हुनपर्ने ।
- SLC को पास प्रतिसत न्यून रहेकाले गुणस्तरीय पठन पाठनका लागि आवश्यक पहल गर्ने ।
- विद्यार्थीहरुको संख्या माथिल्लो कक्षामा घट्दो त्रममा रहेकाले उचित प्रोत्साहन एवं अभिभावकका लागिचेतनामुलक कार्यक्रम संचालन गर्नुपर्ने ।
- विद्यालयमा छात्र छात्राको लागि छुटै शौचालय र सरसफाईको राम्रो व्यवस्था गर्नुपर्ने ।

**बालकल्याण तर्फ**

- बाल क्लव गठन गर्दा लक्षित/खास बालबालिकाको सहभागिताको सुनिश्चित गर्ने ।
- बालकल्याण कार्यक्रम सञ्चालनको  लागि बजेट बढाउनु पर्ने ।
- अल्पकालिन बालगृहको व्यवस्था गर्नू पर्ने ।
- बालकल्याण गृहको भौतिक विस्तार गर्नू पर्ने ।
- कर्मचारीहरुको समायोजनको समस्या केन्द्रीय स्तरबाटै समाधान हुनुपर्ने ।
- बाल श्रमिकहरुको तथ्याङ्कको संकलन यथासक्य गरी बाल श्रमिक लक्षित कार्यक्रम गर्नुपर्ने ।

**खानेपानी तर्फ**

- खानेपानी आयोजना कार्यान्वनको लागि जनताको तर्फबाट हुने लागत सहभागिता घटाउनु पर्ने ।
- आयोजनाको लागत इष्टिमेटको तुलनामा बजेट कम आउने गरेको हुँनाले सोही अनुसारको बजेट सुनिश्चित हुनुपर्ने ।
- गैह्र सरकारी संस्थाबाट कार्यक्रम/आयोजना कार्यान्वन र सञ्चालन गर्ने शिलसिलामा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसंग समन्वय कायम गर्नुपर्ने ।
- जि.वि.स. परिषद्बाट पारित भई मन्त्रालय एवं योजना आयोगबाट स्वीकृत भई आउनु पर्ने आयोजनाहरुको सट्टामा नामै नसुनेका आयोजना आउने गरेकोमा परिषद्को प्राथमिकता अनुसारका आयोजनालाई मात्र कार्यन्वयन गर्नुपर्ने ।

**पशुसेवा तर्फ**

- पकेट क्षेत्रको विकास गर्नपर्ने ।
- गैह्र सरकारी संस्थाबाट कार्यक्रम/आयोजना कार्यान्वन र सञ्चालन गर्ने शिलसिलामा पशुसेवा कार्यालयसंग समन्वय कायम गर्नुपर्ने ।
- केन्द्रियस्तरबाट बेलाबेलामा आयोजनाहरुको अनुगमन मुल्यांकन हुनुपर्ने ।
- जि.वि.स. तथा गा.वि.स.बाट समेत पशु विकासको लागि आवश्यक बजेटको विनियोजन हुनुपर्ने ।

**महिला तथा वालबालिका तर्फ**

- गा.वि.स. अनुदानबाट महिला वर्गलाई लक्षित गरी उपलब्ध गराइने बजेट महिला विकास अन्तरगत खर्च गर्नु पर्ने ।
- गा.वि.स. को योजना प्रक्रियामा महिलाहरूको सहभागिता बढाउनुपर्नै ।

- गा.वि.स.को बजेटबाट महिला तथा बालबालिका लक्षित कार्यक्रम सञ्चालन गर्दा यस कार्यालयसंग अनिवार्यरुपले समन्वय गरेर गरिनुपर्ने ।

**जनस्वास्थ्य तर्फ**

- कार्यक्रम र कार्यालयहरुको विस्तार सँगै पूर्वाधारको विकास समेत गर्नुपर्ने ।
- कार्यक्रम छनोटको साथै कर्मचारीहरूको नियुक्ति र पदस्थापन पक्रियामा राजनैतिक दबाव नआउने वातावरण सृजना गर्नुपर्ने ।
- आमा सुरक्षा कार्यक्रमलाई स्थानीय निकायहरूबाट (गा.वि.स.) सहयोग प्रदान गर्नुपर्ने ।
- उपस्वास्थ्य चौकीबाट स्वास्थ्य चौकी बनाइएका र स्वास्थ्य चौकीबाट प्राथमिक स्वास्थ्य केन्द्र बनाइएका कार्यालयहरूमा कतिपय दरबन्दी खाली भई मानवीय स्रोत साधनको पूर्ति गर्नुपर्ने र दरवन्दी अनुसारको दक्ष जनशक्ति बढाउनुपर्ने ।
- धेरैजसो गा.वि.स. बाट स्वास्थ्य क्षेत्रको लागि वजेट विनियोजन हुन नसक्दा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन हुन नसकेको ।
- पर्सा नगरको कुनैपनि अस्पतालहरुमा इत्रः त्र ९इलभ म्ययच त्रचष्कष्क :बलबनभ्भलत त्रभलतभच० व्यवस्था नभएकोले उक्त केन्द्रको व्यवस्था गर्नुपर्ने ।

**ग) गैह्रसरकारी संस्था**

- जिल्लाका विभिन्न सरकारी एवं गैह्र सरकारी संस्था वीच उचित समन्वय हुनुपर्ने ।
- कार्यक्रम दोहोरोपना हटाउन र नगरको सामानुपातिक सामाजिक विकास गर्न जिल्ला स्थित सरकारी तथा गैह्रसरकारीसंस्थाहरुले विभिन्न विषयमा जिल्ला स्तरमा वहस एवं छलफल गर्नुपर्ने ।
- जिल्ला स्तिथ गै.स.सहरुले आफ्नो कार्यक्षेत्रमा वातावरणलाई समेत प्राथमिकता दिनुपर्ने ।
- युवा लक्षित कार्यकम संचालन गर्नुपर्ने ।
- स्वास्थ्य सुविधा नियमित र प्रभावकारी वनाउन गै.स.सबाट थप भुमिका खेल्नुपर्ने ।
- स्थानीय स्तरका गै.स.समा संलग्न मानव संसाधन दक्ष हुनुपर्ने ।
- जिल्ला स्थित विषयगत कार्यालयहरुसंग सम्पर्क र समन्वय वढाउनुपर्ने ।
- अनुगमन मुल्यांकन चुस्त र दुरुस्त गर्नु पर्ने । (ज्वाइन्ट मनिटरिगं)
- पुर्नःस्थापना केन्द्रहरुको विकास र विस्तारमा ध्यान दिनु पर्ने ।

**९.पर्बत जिल्लालाई माथी उल्लेखित नीतिको कार्यान्वयनको अवस्थामा उल्लेख भए अनुसारको सुझाव बाहेक निम्नानुसार थप नीति लिन तथा सोही अनुसार योजना तय गर्न सुझाव दिन चाहान्छौं ।**

- जिल्लाको समग्र विकासको लागि राष्ट्रिय योजना, जिल्ला यातायात गुरु योजना, क्षमता विकास योजना, गरिवमुखी नीति, विपन्न वर्ग नक्साङ्कन, गरिबी नक्साङ्कन लगायत नेपाल सरकारको विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रमले निर्दिष्ट गरेको पक्षलाई प्राथमिकता दिने

- अल्पकालिन योजना लाई भन्दा दीर्घकालीन र आय एवम् रोजगारमूलक ठोस आयोजनाहरूलाई प्राथमिकता दिने
- स्थानीय सहभागितामा राजस्व सम्भावना तथा पहिचान गरी तदअनुसार आयश्रोत बृद्धि गर्ने
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. समन्वय र सहकार्य गरी थप श्रोत परिचालनको पहल गर्ने र कार्यक्रममा दोहोरोपन हटाउन नियमित अनुगमन गर्ने
- गुणस्तरीय शिक्षाका लागि सबै क्षेत्रको सहयोगमा शिक्षा क्षेत्रको अनुगमन प्रणाली प्रभावकारी बनाउने
- आन्तरिक सूचना प्रणाली लाई सुधार गर्नुको साथै Website अद्यावधिक गर्दै जाने
- पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण र परिचालन गर्ने
- कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कनको आधारमा पुरस्कार तथा सजाय गर्ने र उत्कृष्ट र दीर्घसेवी कर्मचारीलाई पुरस्कृत र सम्मान गर्ने
- सामाजिक सुरक्षाबाट लावान्वित व्यक्तिहरूको नामावली नियमित प्रकाशन गर्ने
- एच.आई.भी. र एड्स नियन्त्रणका लागि जिल्ला एड्स समन्वय समिति लाई प्रभावकारी बनाई समन्वयलाई सुदृढ बनाउने
- वन तथा वातावरण संरक्षण, कृषि विकास, पशु सेवा, महिला तथा बालबालिका, जनस्वास्थ र कार्यमा साझेदारीमा कार्यक्रम संचालन गर्ने

१. सामाजिक परीक्षकको नाम : सोभा कुमारी पौडेल

दस्तखत :

२. सामाजिक परीक्षकको नाम : कीर्तिराज सुबेदी

दस्तखत :

संस्थाको नाम : ब्राइट फ्युउचर इ. प्रा.लि. बबरमहल, काठमाण्डौ